म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १८७ आइतबार, ४ फागुन २०८१ ने. सं. ११४५ सिल्लागा 16 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागमती युवा क्लबसँग आयोजक पराजित

हेटौंडा, ३ फागुन/मकवानपुरको पूर्वीक्षेत्रस्थित बागमती गाउँपालिकामा शनिबारबाट सुरु भएको सातौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको उद्घाटन खेलमा आयोजक पराजित भएको छ । प्रतियोगिताको उद्घाटन नेकपा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गरेका थिए । आयोजक बागमती खेलकुद विकास समितिको टिमलाई ०-१ गोलले हराउँदै सर्लाहीको बागमती युवा क्लबले विजय सुरुवात गरेको हो । बागमतीको जितमा कप्तान विमल घिसिङले खेलको ३३ औं मिनेटमा निर्णायक गोल गरे । खेलको म्यान अफ द म्याच घिसिङ घोषित भएका छन् । प्रतियोगितामा 'ए' डिभिजनका ७ र मोफसलका तीन टिमको सहभागिता छ । आगामी फागुन १२ गतेसम्म संचालन हुने प्रतियोगिताको उपाधि विजेताले १० लाख र उपविजेताले पाँच लाख प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई एक लाख एक हजार तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार, प्रत्येक खेलका म्यान अफ दी म्याचलाई १० हजार रुपैयाँ सहित शिल्ड प्रदान गरिने आयोजकले जनाएको छ ।

# सुशासन र समृद्धिका पक्षमा देशव्यापी जनमत बढ्दैछः प्रचण्ड

सरला खनाल



हेटौंडा, ३ फागुन/ नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सुशासन र समृद्धिका पक्षमा देशव्यापी जनमत बढ्दै गएको बताएका छन् । मकवानपुरको बागमती गाउँपालिकाले निर्माण गरेको सहिदस्मृति रंगशाला तथा सातौं बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रयोगिताको उद्घाटन गर्दै उनले यस्तो धारणा राखेका हुन् ।

'जबसम्म देशबाट भ्रष्टाचारको अन्त्य गरिंदैन र सामाजिक न्याय स्थापित गरिंदैन, त्यतिबेलासम्म राष्ट्रिय एकता कायम हुन सक्दैन र देश अघि बढ्न सक्दैन भन्नेमा देशव्यापी जनमत बलियो बन्दै गएको छ'- अध्यक्ष प्रचण्डले भने-'मैले देशैभरि नयाँ राष्ट्रिय एकता निर्माणको अभियान थालेको छु । हाम्रो अभियान सफल बन्दै गएको छ ।' भ्रष्टाचारका विरुद्ध सुशासनका पक्षमा, राष्ट्रिय स्वाधीनताको पक्षमा, सामाजिक न्यायको पक्षमा र आर्थिक समृद्धिको पक्षमा देशैभरि देखिएको चेतनाको लहर नयाँ आशाको किरण भएको पनि उनले स्पष्ट गरे ।

अध्यक्ष प्रचण्डले 'यो सचेतना निकै महत्वपूर्ण छ । हामी सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको एजेण्डालाई बलियो बनाउँदै आवश्यकताअनुसार सडक, सदन र सरकारका सबै मोर्चाबाट राष्ट्रिय एकताका लागि अगुवाई गर्ने छौं । यसमा सबै लामबद्ध हुन पनि आह्वान गर्न चाहन्छु ।' नागरिकलाई स्वस्थ्य बनाउन र देशको प्रतिष्ठा विश्वव्यापीरुपमा स्थापित गर्न खेलकुदको विकास महत्वपूर्ण भएको उल्लेख गर्दै उनले स्थानीय सरकारले यसमा ध्यान दिनु थप महत्वपूर्ण भएको बताए ।

आफू प्रधानमन्त्री भएको बेलामा खेलपूर्वाधार निर्माण र खेलाडीको प्रोत्साहनका लागि धेरै कार्यक्रम अगाडि सारेको उल्लेख गर्दै पूर्वप्रधानमन्त्री प्रचण्डले खेलका कारण देशको प्रतिष्ठा उँचो बन्दै गएको बताए । बागमती गाउँपालिकाले खेलपूर्वाधारलाई महत्व दिएर रंगशाला निर्माण गर्नुका साथै राष्ट्रिय खेलकुद आयोजना गरेकोमा उनले धन्यवाद पनि दिए । स्थानीय सरकारको यो सकारात्मक कदम भएको उनले बताए ।

यसअघि अध्यक्ष प्रचण्डले पार्टीको बागमती गाउँपालिका कार्यलयमा स्थानीय नेता कार्यकर्तासँग भेटघाट गर्दै देशव्यापीरुपमा पार्टीप्रति आकर्षणको लहर सुरु भएकाले यसलाई संस्थागत गर्दै अघि बढाउन आग्रह गरे । जे भन्छ, त्यो गर्ने माओवादी नै रहेछ भन्ने जनतामा विश्वास बढ्दै गएको उल्लेख गर्दै उनले जनताको आशा र विश्वासमा कमी आउन नदिने गरी योजना र कार्यक्रम अघि बढाउन नेता कार्यकर्तालाई निर्देशन दिए । पार्टीका लागि आएको यो महत्वपूर्ण अवसर भएकाले अब पार्टीका लागि दायाँबायाँ गर्ने छुट नभएको उनले स्पष्ट गरे ।

जितेका पालिका र वडामा मत बढाउने तथा नजितेकामा जीत हातपार्ने गरी अघि बढ्न निर्देशन प्रचण्डले दिएका छन् । माओवादीले नेतृत्व गरेका पालिकाले उत्कृष्ट स्थान हासिल गर्दै गएको उल्लेख गर्दै उनले पार्टीले नेतृत्व गरेका सबै पालिकालाई नमूना बनाउने गरी पार्टीले केन्द्रले योजना अघि सारेको बताए । त्यस्तै अध्यक्ष प्रचण्डले सहिद परिवारसँग पनि भेटघाट गरेका थिए ।

फापरबारीको झुरझुरेमा २०६२ माघ ८ गते शनिबार बेलुकी करीव ६ बजेदेखि आइतबार बिहान २ बजेसम्म तत्कालीन बिद्रोही माओवादी र सरकारी सुरक्षानिकाय बीच ठूलो भिडन्त भएको थियो । नेपाली सेनाले नाइट भिजन हेलिकोप्टरबाट हवाई आक्रमण गरेको थियो । मूख्य भिडन्त स्थलभन्दा ४ किलोमिटर टाढा फापरबारी-१ लम्कनामा सुरक्षाकर्मीले हेलिकप्टरबाट प्रहार गरेको वमको छर्राले ४ वर्षीय बालकको मृत्यु भएको थियो । युद्धको मुख्यस्थल झुरझुरेमा दुई सर्वसाधारणको मृत्यु हुनुको साथै दुईघर र एक गोठ जलेर नष्ट भएको थियो ।

बागमती गाउँपालिका-४ झुरझुरेमा सहिद पार्क निर्माणका लागि तत्कालीन जनयुद्धका कमाण्डर नेकपा माओवादीका अध्यक्ष प्रचण्डले २ माघ २०७५ मा शिलान्यास गरेका थिए । जनयुद्धको इतिहास बोकेको यो पार्कलाई स्थानीय सरकारले पर्यटकीय क्षेत्रको रुपमा विकास गरिरहेको छ ।

२०६२ माघ ८ गते रातको समयमा भएको भिडन्तका क्रममा स्थानीय मानबहादुर बज्यु र प्रताप बज्यु, २८ माओवादी नेता कार्यकर्ता र ६ सुरक्षाकर्मी गरी ठूलो संख्यामा हताहत भएको थियो । यही स्थानलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सहिदस्तम्भ, भ्युटावर, पिकनिकस्थल, पैदलमार्ग सहितको पार्क निर्माण गर्ने योजना छ ।

# हेटौंडाको राप्तीको पानी सुरुङबाट बीरगंज लगिने

साझाकुरा संवाददाता



हेटौंडा, ३ फागुन/ पछिल्ला दिनमा मकवानपुरको सीमानामा रहेका बारा र पर्साका बिभिन्न बस्तीमा पिउनेपानीको चरम संकट बढ्दै गएपछि पानी अभाव पूर्ति गर्न हेटौंडाबाट पानी लगिने भएको छ । खानेपानी मन्त्रालय अन्तर्गतको खानेपानी तथा ढल व्यवस्थापन विभागले हेटौंडाको राप्ती नदीबाट पर्सा र बारामा पानी आपूर्ति सम्भाव्यता अध्ययन गर्ने भएको छ ।

हेटौंडाको पानी बीरगंज सम्म पुऱ्याउनका लागि चुरे क्षेत्रमा सुरुङ खन्ने योजना रहेको छ । यसको लागि विभागले परामर्शदाताबाट आशयपत्र (टेण्डर) आह्वान गरेको छ । खानेपानी मन्त्री प्रदीप यादवको परिकल्पना र पहलअनुसार विभागले पानी आपूर्ति सम्भाव्यता अध्ययन गर्न परामर्शदातालाई सूचना प्रकाशित गरी टेण्डर आह्वान गरिएको विभागले जनाएको छ ।

त्यसैगरी जलवायु परिवर्तनका कारण नेपालको पानी स्रोतमा गम्भीर असर परेको तथा विशेष गरी तराई क्षेत्रमा भू-जलको सतह घट्दै गएको, मधेश प्रदेशका जिल्ला, विशेष गरी पर्सा र बारामा लामो समयदेखि खानेपानीको समस्याबाट ग्रसित रहेका तथा तराई मधेशका क्षेत्रमा खानेपानीको समस्या उत्पन्न भएकोमा त्यसको समाधान गर्न यो अध्ययन गर्न लागिएको विभागले जनाएको छ ।

राप्ती नदीबाट पर्सा र बाराका लागि पानी स्थानान्तरण अध्ययन स्थानीय जलस्रोत अभावको दीर्घकलीन समाधान गरी जलस्रोतको दीगो उपयोग गर्न र जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न महत्वपूर्ण रहने मन्त्री यादवले बताए । 'यो अध्ययनले उपयुक्त प्रविधि, लागत, वातावरणीय प्रभाव तथा सम्भाव्यताका अन्य पक्ष पहिचान गर्न मद्दत गर्नेछ । जसले भविष्यमा विस्तृत अध्ययन तथा कार्यान्वयनको आधार तयार गर्नेछ,' उनले भने ।

अध्ययनका प्रमुख उद्देश्यमा पानी अभावको मूल्यांकन, बारा र पर्सामा हालको पानी अभावको अवस्थाको अध्ययन गर्ने र पानीको मागको विश्लेषणअन्तर्गत आगामी २५ वर्षको लागि आवश्यक खानेपानीको प्रक्षेपण गरी दीगो सामाधानको लागि सम्भावित जलस्रोतको पहिचान गरी राप्ती नदी तथा अन्य वैकल्पिक जलस्रोतका गुणस्तर, उपलब्धता, तथा स्थायित्वको मूल्यांकन, वातावरणीय र सामाजिक प्रभाव अध्ययन-जलस्थानान्तरण तथा वितरण संरचनाले वातावरण र समुदायमा पार्ने प्रभावको प्रारम्भिक मूल्यांकन तथा लगानी र लागत लाभ विश्लेषण, परियोजनाको लागत तथा संभावित लाभको अध्ययन गरिने जनाइएको छ ।

परियोजनाको कार्यको क्षेत्र र अध्ययन प्रक्रियाअन्तर्गत अध्ययनको सेवाक्षेत्रअन्तर्गत बारा र पर्सा का भूभाग सामेल रहेका छन् । हाइड्रोलोजिकल, जियोलोजिकल तथा सामाजिक सर्वेक्षण गरी जलस्रोतको उपयोग तथा जलस्थानान्तरण प्रणालीको प्रभावकारिता निर्धारण तथा पानी वितरण प्रणाली, टनेल वा पाइपलाइन संरचनाको सम्भाव्यता अध्ययन गरिने भएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞कार वास भित्र/बाहिर
☞वायरिङ मर्मत
☞मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# हेटौंडा आइडलमा ३५ प्रतियोगी, १५ नवप्रतिभा छनोट



साझाकुरा संवाददाता

हेटौंडा, ३ फागुन/ निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा भएको हेटौंडा आइडलमा भएको ३५ जना प्रतिस्पर्धामा सहभागी भएका छन् । शनिबार हेटौंडामा भएको अडिसनमा प्रतियोगीले गायन प्रस्तुत गरेका छन् ।

संघको आयोजनामा हेटौंडामा फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौंडा-१० स्थित टिसिएनचौरमा हुने दोस्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव २०८१ को अवसरमा हेटौंडा आइडल आयोजना गरिएको हो । हेटौंडा आइडलको दोस्रो संस्करणको पहिलो चरणको छनोटमा परेका १५ जना नवप्रतिभाले फागुन ७ गतेबाट स्टेज प्रस्तुति गर्ने गरी कार्यक्रम तय गरिएको छ ।

आइडल २०८१ व्यवस्थापन उपसमितिका संयोजक टाकाराज थापाले हेटौंडा आइडलको ग्राण्ड फिनाले फागुन १७ गते जानकारी दिएका छन् । आयोजक निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कंडेलले हेटौंडा आईडललाई ५१, फष्ट रनरअपलाई २५ र सेकेण्ड रनरअपलाई १५ तथा दुईजना रनरअपलाई जनही पाँच हजार रुपैयाँसहित पुरस्कृत गरिनेछ । गायक कृष्णगोपाल महर्जन, सुनिता बुर्लाकोटी र ईश्वर खड्का हेटौंडा आइडलको निर्णायक रहेका छन् ।

# ट्रकले अटोलाई ठक्कर दिंदा ३५ वर्षीया महिलाको मृत्यु

साझाकुरा संवाददाता



हेटौंडा, ३ फागुन/ हेटौंडा उपमहानगरपालिका-११ थानाभञ्याङस्थित पूर्व-पश्चिम सडक खण्डमा ट्रकले अटोलाई ठक्कर दिँदा एकजनाको मृत्यु भएको छ । दुर्घटनामा दुईजना घाइते भएका छन् ।

२ असोज शुक्रबार राति करिब ८ बजेको समयमा हेटौंडा बजारबाट चितवनतर्फ जाँदै गरेको ना ४ ख २४९६ नम्बरको ट्रकले विपरित दिशाबाट आउँदै गरेको ना १ ह ८३०८ नम्बरको अटोलाई ठक्कर दिएको थियो । ट्रकको ठक्करबाट मकवानपुरको मनहरी गाउँपालिका-६ खयरघारीकी ३५ वर्षीया पूजा बम्जनको मृत्यु भएको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।

बम्जनलाई सिएमसी चुरेहिल अस्पताल हेटौंडामा उपचारका क्रममा शुक्रबार राति ९ बजे चिकित्सकले मृत घोषणा गरेको मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए । अटोमा सवार मनहरी-६ खयरघारीकी मृतक बम्जनको छोरा ११ वर्षीय अमृत घिसिङको अनुहारमा चोट लागेको छ । चुरेहिल अस्पतालमा उपचार भइरहेको उनको स्वास्थ्यअवस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।

दुर्घटनामा अटोचालक हेटौंडा उपमहानगरपालिका-१९ बासघारी बस्ने २५ वर्षीय राजु थिङको टाउकोमा चोट लागेको र अवस्था गम्भिर रहेको डिएसपी अर्यालले बताए । अटोलाई ठक्कर दिने ट्रक चालक चितवनको राप्ती नगरपालिका-२ पिप्ले बस्ने ४८ वर्षीय कान्छा राईलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

|| बिशेष आकर्षण ||

हेटौंडा आईडल

हेटौंडा आईडल
Construction Expo-2

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्कः ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू
☞निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
☞बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
☞सूचना प्रविधि प्रदर्शनी ।
☞कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
☞दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
☞शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
☞मनोरञ्जनात्मक बाल उद्यान ।
☞नविनतम उपकरणहरुको प्रदर्शनी ।
☞ नयां/नौलो प्रबिधिको प्रदर्शनी ।

साझाकुरा

हाम्रो कुरा

# कार्यसम्पादनमा सकारात्मक

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको कार्यसम्पादन मूल्यांकनमा बागमती प्रदेश सरकार तेस्रो स्थानमा रहेको छ । देशकै राजधानी रहेको प्रदेश तेस्रो स्थानमा आएको हो । मकवानपुरका १० वटा पालिकामध्ये थाहा नगरपालिका उत्कृष्ट बनेको छ । थाहाले आयोगको मूल्यांकनमा ७१ दशमलव ३ अंक प्राप्त गरेको हो । आयोगको मूल्यांकनमा सबैभन्दा कम अंक बकैया गाउँपालिकाको छ । बकैयाले ४५ दशमलव ९ अंक पाएको छ । जिल्लामै मनहरी गाउँपालिकाले दोस्रो स्थान लिएको छ । मनहरीले ६७ दशमलव ३ अंक पाएको छ । मकवानपुरगढी गाउँपालिकाले ६७, कैलाशले ६६ दशमलव ३, राक्सिराङले ६३ दशमलव ९, हेटौंडाले ६२ दशमलव ५, बागमती गाउँपालिकाले ६०, ईन्द्रसरोवरले ५७ दशमलव २ र भीमफेदी गाउँपालिकाले ५० दशमलव ७ अंक पाएको प्रतिवेदनमा उल्लेख छ । आयोगको मूल्यांकन रिर्पोटअनुसार अधिकांश स्थानीय सरकारबाट तथ्यांक उपलब्ध हुनै मुस्किल देखिएको छ । यसले ती तहहरुको कार्यसम्पादन मूल्यांकनमै असर परेको छ । स्थानीय तहको प्रयोजनका लागि भने १७ वटा सूचकमा आधारित भएर मूल्यांकन गरिएको हो ।

संघीय सरकारले विनाशर्त प्रदेश र स्थानीय तहमा पठाउने वित्तीय समानीकरण अनुदान सिफारिस गर्न आयोगले एक मापक कार्यसम्पादन मूल्यांकनलाई बनाएको छ । सात प्रदेशमध्ये सुदूरपश्चिम प्रदेश पहिलो बनेको छ । तेस्रो बनेको बागमती प्रदेशले कार्यसम्पादन मूल्यांकनमा ४५ दशमलव ६ अंक पाएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको तथ्यांक छ । पहिलो बनेको सुदूरपश्चिम प्रदेशले ५१ दशमलव ६ अंक पाएको छ । आर्थिक वर्ष २०७९/८० को कार्यसम्पादन मूल्यांकनमा सुदूरपश्चिम पाँचौं स्थानमा रहेको थियो । सुदुरपश्चिमले राम्रो सुधार गरेको हो । अघिल्लोपटक पहिलो भएको कोशी प्रदेश यसपटक दोस्रो भएको छ । कोशीले ५० दशमलव ९ अंक प्राप्त गरेको छ । ४१ दशमलव ६ अंक पाएको कर्णाली चौथो बनेको आयोगले सार्वजनिक गरेको तथ्यांकमा छ । ४० दशमलव ८ अंक पाएको गण्डकी पाँचौं र ३५ दशमलव ९ अंक पाएको लुम्बिनी छैटौं भएको छ । मधेश प्रदेश ३० अंक ल्याएर पुछारमा छ । आयोगले प्रदेशलाई विभिन्न १९ वटा सूचकका आधारमा कार्यसम्पादनको अंक दिएको थियो । लेखापरीक्षण भएको रकम, कायम भएको बेरुजु, प्रदेशले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराए/नगराएको अवस्था, सवारीसाधन करबापत रकम सम्बन्धित स्थानीय सरकारको सञ्चितकोषमा दाखिला गरे/नगरेकोलगायत विषय छन् ।

वार्षिक बजेट विनियोजन तथा खर्चको स्थिति, पुँजीगत बजेट र त्यसको खर्च, राजस्व संकलनको अवस्था, स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदान, तोकिएको समयमा वार्षिक बजेट समीक्षा, प्रदेशको वायुको गुणस्तर, समुदायमा आधारित वन व्यवस्थापनलगायत सूचक तयार पारी मूल्यांकन गरिएको आयोगले जनाएको छ । सबै प्रदेशले सूचक-२ मा शून्य अंक पाएको छ । यो सूचकमा प्रदेश र स्थानीय तहलाई प्रदेश कानुनबमोजिम आयोगले तोकेको आधारमा सशर्त अनुदान प्रदान गरे/नगरेको विषय उल्लेख छ । आयोगले यही कार्यसम्पादनका आधारमा प्रदेश र स्थानीय तहका लागि राजस्व बाँडफाँट, वित्तीय समानीकरण अनुदान तथा रोयल्टी बाँडफाँट, सशर्त अनुदानको आधार एवम् आन्तरिक ऋणको सीमा निर्धारण गर्नेगर्छ । कार्यसम्पादन चित्त नबुझेमा एक हप्ताभित्र पुनरावलोकनका लागि निवेदन दिन पनि आयोगले आग्रह गरेको छ । स्थानीय तहमा भने स्याङ्जाको कालीगण्डकी गाउँपालिका, धादिङको नेत्रावतीडबजोङ गाउँपालिका, स्याङ्जाको आँधीखोला गाउँपालिका, काभ्रेपलाञ्चोकको बनेपा नगरपालिकालगायत कार्यसम्पादन उत्कृष्ट देखिएका छन् । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहको पनि कार्यसम्पादन मूल्यांकन गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन ५ गते सोमबार १७ फेब्रुअरी २०२५ । पञ्चमी, फागुन कृष्णपक्ष । सिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:४२, सूर्यास्त ५:५५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : भूमिबाट लाभ लिने समय छ | **तुला** | : लेनदेनमा विवाद हुनेछ |
| **वृष** | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ | **वृश्चिक** | : धार्मिक कार्यले फाइदा हुनेछ |
| **मिथुन** | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ | **धनु** | : मन खिन्न बनाउन सक्छ |
| **कर्कट** | : काममा परिवारको सहयोग मिल्नेछ | **मकर** | : दिन उत्साहपूर्ण बन्नेछ |
| **सिंह** | : स्वास्थ्यमा कमजोरी हुनेछ | **कुम्भ** | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| **कन्या** | : उपचारमा खर्च हुनेछ | **मीन** | : व्यावसायिक यात्राको सम्भावना छ |

# ‘नसर्ने रोग सुषुप्त महामारीको रूपमा फैलिइरहेको छ’



✍डा. मेघनाथ धिमाल

विश्वभर वायु प्रदूषणका कारण हुने मृत्युदर प्रति लाख १३७.६३ बाट घटेर १०२.३९ पुगेको छ । विश्वभर यसलाई दोस्रो प्रमुख जोखिमको रूपमा मानिन्छ, त्यही दक्षिणएशिया र नेपालमा २०२१ मा वायु प्रदूषण सबैभन्दा बढी मृत्युको कारणको रूपमा देखिएको छ ।



नेपालमा मृत्युका लागि जोखिम कारकलाई मुख्यतया तीन श्रेणीमा बाँड्न सकिन्छ– वातावरणीय, मेटाबोलिजमसँग सम्बन्धित र व्यवहारजन्य कारण । वातावरणीय कारणहरूमा वायु प्रदूषण, दूषित पानी र वातावरणीय परिवर्तनका कारण उत्पन्न हुने रोगहरू पर्दछन्, जसले श्वास-प्रश्वास सम्बन्धी रोग र अन्य स्वास्थ्य समस्या निम्त्याउँछन् ।

मेटाबोलिजमसँग सम्बन्धित कारकमा उच्च रक्तचाप, मधुमेह र मोटोपन लगायत अवस्थाहरू समावेश छन् जसले फदयघात, स्ट्रोक र अन्य गम्भीर रोगको जोखिम बढाउँछन् । त्यसैगरी, व्यवहारजन्य कारकमा धूम्रपान, मदिरा सेवन, असन्तुलित आहार र शारीरिक गतिविधिको अभावले स्वास्थ्यमा नकारात्मक असर पार्दै दीर्घकालीन रूपमा मृत्युदर वृद्धि गर्ने भूमिका खेल्दछन् ।

१९९० देखि २०२१ सम्मका तथ्यांक संकलन गरी प्रकाशन गरेको ‘ग्लोबल बर्डेन अफ डिजिज २०२१’ नामक अध्ययन अनुसार विश्वभरि मृत्युका प्रमुख तीन कारणहरूमा मुटु सम्बन्धी रोग २८.६१ प्रतिशत, श्वासप्रश्वास सम्बन्धी संक्रमण तथा क्षयरोग १६.५ प्रतिशत र क्यान्सर १४.५ प्रतिशत छ ।

त्यसैगरी दक्षिणएशियामा मुटु सम्बन्धी रोग २४.७४ प्रतिशत श्वासप्रश्वास सम्बन्धी संक्रमण तथा क्षयरोग २०.८ प्रतिशत र श्वासप्रश्वास सम्बन्धी दीर्घ रोगले १०.३८ प्रतिशत मृत्युका प्रमुख तीन कारण देखिएका छन् । पछिल्लो समय मुटु सम्बन्धी रोग अधिक बढेको देखिन्छ जुन १९९० मा प्रति लाख ५४.९३ थियो भने २०२१ मा यो दरमा वृद्धि भएर ८८.७६ प्रति लाख पुगिसकेको छ । जुन चिन्ताको विषय हो ।

सन् १९९० मा श्वास-प्रश्वास सम्बन्धी रोग विशेषगरी क्षयरोग र तल्लो श्वासनलीको संक्रमण मृत्युको प्रमुख कारकतत्व थियो । तर पछिल्लो समय क्षयरोग र तल्लो श्वासनलीको संक्रमणका कारणले मृत्यु हुने संख्यामा कमी आए पनि कोरोना महामारीको समयमा श्वास-प्रश्वास सम्बन्धी रोगको दरमा अचानक वृद्धि देखिएको छ ।

मृत्युलाई प्रभाव पार्ने प्रमुख जोखिम तत्वमा क्रमश: उच्च रक्तचाप, धूमपान र रगतमा उच्च मधुमेह पर्छन् । उच्च रक्तचाप र रगतमा चिनीको मात्रा बढ्दै जानुमा शारीरिक व्यायामको कमी, अस्वस्थ खानपान र जीवनशैली, वायु प्रदूषण लगायत कारण हुन् ।

दीर्घ श्वास-प्रश्वासका लागि धूमपान प्रमुख कारण हो । यस्तै गरी वायु प्रदुषण, घरको धुवाँ, रासायनिक पदार्थ मिसिएको धुवाँको मुस्लोले श्वास-प्रश्वासको रोग बढिरहेको छ । श्वास-प्रश्वासको रोगमा लामो समयसम्म धूमपान गर्ने व्यक्ति, धुवाँ तथा वायु प्रदूषणमा रहने व्यक्ति (ट्राफिक, इँटाभट्टा, सिमेन्ट कारखानामा काम गर्ने आदि) जोखिममा हुन्छन् ।

यस्ता रोगबाट जोगिन धूमपानदेखि टाढै रहनुपर्छ भने प्रदूषणबाट जोगिन आवश्यक छ । प्रदूषणबाट जोगिन बाहिरी वातावरणमा निस्कँदा मास्क लगाएर मात्र निस्कन आवश्यक हुन्छ । यसका साथै ग्रामीण क्षेत्रमा दाउरा तथा अन्य धुवाँ निस्कने वस्तुबाट खाना पकाउने कारणले पनि श्वास-प्रश्वासमा समस्या बढाउँछ ।

वायु प्रदूषणका प्रभावमा पनि उल्लेखनीय परिवर्तन आएको छ । १९९० को तुलनामा, विश्वभर वायु प्रदूषणका कारण हुने मृत्युदर प्रति लाख १३७.६३ बाट घटेर १०२.३९ पुगेको छ । विश्वभर यसलाई दोस्रो प्रमुख जोखिमको रूपमा मानिन्छ, त्यही दक्षिणएशिया र नेपालमा २०२१ मा वायु प्रदूषण सबैभन्दा बढी मृत्युको कारणको रूपमा देखिएको छ ।

घरायसी वायु प्रदूषण केही हदसम्म घटेको भए ता पनि यसले अझै पनि महत्वपूर्ण स्वास्थ्य जोखिमको रूपमा काम गरिरहेको छ । घरायसी वायु प्रदूषण घट्दै गएको भए पनि बाह्य वायु प्रदूषण वृद्धि हुँदै गएको छ, जसले मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पारिरहेको छ ।

यो बढ्दो वातावरणीय वायु प्रदूषणको कारण श्वास-प्रश्वास, एलर्जी, फदय सम्बन्धी समस्या लगायत स्वास्थ्य समस्याहरू देखा परिरहेका छन् । यसले मानिसको जीवनशैली र स्वास्थ्यमा गम्भीर असर पुऱ्याइरहेको छ । साथै, जलवायु परिवर्तनले पनि रोगहरूको फैलावट तथा भारमा वृद्धि गरेको छ ।

त्यसैले, प्रमाणमा आधारित नीतिनिर्माणका लागि थप अनुसन्धान आवश्यक छ । विगतमा नेपालमा अधिकांश मृत्यु सरुवा तथा संक्रामक रोगका कारण हुने गरेको थियो । पछिल्लो केही वर्षयता खानपान र जीवनशैलीमा आएको अस्वस्थ परिवर्तनका कारण नेपालमा नसर्ने रोगको भार बढ्दै गइरहेको छ ।

‘बर्डेन अफ डिजिजको अध्ययन प्रतिवेदन २०१९’ मा नेपालमा हुने समष्टिगत मृत्यु, अल्पायुमा हुने मृत्यु र तिनका कारणहरू उल्लेख छ । यसका साथै प्रतिवेदनमा विभिन्न स्वास्थ्य समस्याको कारण हुने अशक्तता र मृत्यु तथा अशक्तताका जोखिम तत्वहरूको अवस्था र प्रवृत्तिहरूको विश्लेषण गरिएको छ ।

प्रतिवेदन अनुसार नेपालमा ३० वर्षको अवधिमा नसर्ने रोगका कारण हुने मृत्युदर दोब्बर भन्दा बढीले बढेको छ । सन् १९९० मा नेपालमा नसर्ने रोगका कारण हुने मृत्युको भार ३१.३ प्रतिशत थियो । सन् २००० मा उक्त दर बढेर ४३.२ प्रतिशत पुगेको थियो । यस्तै, सन् २०१० मा ५९.१ र सन् २०१९ मा आइपुग्दा ७१.१ प्रतिशत मृत्युको कारण नसर्ने रोग देखिएको छ ।

यसले पनि नेपालमा नसर्ने रोगको सुषुप्त महामारी फैलिइरहेको देखाउँछ । मुटु तथा रक्तनली सम्बन्धी, मधुमेह, दीर्घ श्वास-प्रश्वास तथा क्यान्सर जस्ता नसर्ने रोग नेपालमा पनि मृत्युको प्रमुख कारण बन्नु चिन्ताको विषय बनेको छ ।

नसर्ने रोगको बढ्दो प्रकोपका कारण विश्व नै आक्रान्त भइरहेका बेला नेपालले यसलाई व्यवस्थित रूपमा रोकथाम र नियन्त्रण गर्न नसर्ने रोग सम्बन्धी बहुक्षेत्रीय कार्ययोजना (सन् २०२१-२०२५) बनाएको छ । नेपालले नसर्ने रोगका कारणले अल्पायुमै हुने मृत्यु सन् २०२५ सम्ममा २५ प्रतिशतले घटाउने लक्ष्य लिएको छ । त्यसैगरी दिगो विकास लक्ष्यले समेत एक तिहाइले नसर्ने रोगका कारणले हुने मृत्यु घटाउने लक्ष्य लिएको छ ।

*(साभार: अनलाइनखबर)*

# श्वास आउनु-जानु नै सबैभन्दा ठूलो आशीर्वाद हो

✍प्रेम रावत

प्राय: मानिसहरूलाई उनीहरूले खोजिरहेको शान्ति उनीहरूभित्रै छ भन्ने कुराको ज्ञान हुँदैन । उनीहरूले शान्ति प्राप्त गर्नका लागि केही विशेष कार्य गर्नुपर्छ भनेर सोच्छन् । यसकारण उनीहरू मसँग आएर भन्ने गर्छन्, ‘हजुर मलाई आशीर्वाद दिनुहोस् !’ तर, यो समस्त सृष्टिको रचना गर्ने शक्तिको हात पहिलादेखि नै उनीहरूको शिरमा हुन्छ भन्ने कुरा बुझ्दैनन् । जसले ताराहरू, सूर्य, चन्द्रमा र पृथ्वी बनाए उनीहरूको शिरमाथि उनकै हात छ । यो श्वास आउने-जाने क्रम रहेसम्म उनको हात तपाईंमाथि हुन्छ । तपाईंलाई अरू कसैको आशीर्वादको आवश्यकता पर्दैन । सबै चिज तपाईंका लागि सम्पन्न छन् तर भित्रको आँखा खोल्नुहोस् अनि यसबाट तपाईंले वास्तविकता बुझ्नुहुनेछ ।

कुनै कुरा गरेर शान्ति पाउन सकिँदैन । यो प्राय: मानिसहरूलाई हुने गरेको भ्रम मात्रै हो । तपाईंले खोज्नुभएको शान्ति बाहिर होइन, तपाईंभित्रै छ भनेर आफ्नो फदयबाट नहेरेसम्म सबैथोक भएर पनि केही पनि हुँदैन । एउटा छोटो कथा छ । एकजना मानिस पहाडको टाकुरामा एउटा झुपडीमा बस्ने गर्थे । बिहानै चराको चिरबिर आवाजसँगै उनी उठ्ने गर्थे । त्यसपछि दैनिक काम गर्ने गर्थे । एकदिन उनी उठे अनि उनले केही पनि देख्न सकेनन् ।

उनलाई आज घाम निकै ढिलो उदाउने रहेछ भन्ने लाग्यो । जून पनि लागेको थिएन । निस्पट्ट अँध्यारो थियो । उनले सलाई कोरेर आगो बाले तर उनले आगोलाई पनि देखेनन् । बाहिर निस्कँदा उनले सूर्यको तापलाई महसुस गरे तर सूर्यको उज्यालोलाई देखेनन् । उनले सोचे, ‘आज सूर्योदयचाहिँ भयो तर यो प्रकाश नदिने खालको रहेछ ।’ पूरै दिनभरि उनी सूर्यको प्रकाश नै गायब भएको रहेछ भन्ने भ्रममा रहे ।

यत्तिकैमा एकजना सन्त त्यतैको बाटो भएर हिँडिरहेका थिए । उनले सन्तसमक्ष आफ्नो समस्या राखे । सन्तले भने, ‘सूर्यमा कुनै कमजोरी भएको होइन । तपाईंको आँखामा समस्या भएको हो ।’ यति कुरा सुनेपछि ती व्यक्तिलाई सूर्यमा समस्या भएको रहेनछ भन्ने भान भयो । बरु आफ्नै हेराइमा कमजोरी रहेको कुरा पनि थाहा भयो । अँध्यारो भएका कारण उनको आँखाले राम्रोसँग काम गरिरहेको थिएन ।

हामी सबैले एक न एकपटक त सृष्टिकर्तालाई चुनौती दिएका छौं, ‘यदि तिमी साँच्चै छौ भने तिमी मेरा अघि आऊ ।’ तथापि, दु:ख-दर्द भएपछि मात्रै हामी सृष्टिकर्तातर्फ मोडिन्छौं । यसभन्दा पहिला त हामी बाहिरी सुन्दरतातिर ध्यान दिन पुग्छौं । यो संसारमा तपाईं मलाई सृष्टिकर्ता नभएको एउटा स्थान बताउनुहोस् त ? ती संसारका रचयिता हरेक स्थानमा विराजमान छन् । यदि तपाईं पर्खाललाई हेरिरहनुभएको छ भने त्यहाँ पनि उनी छन् ।

आफ्नो हातमा हेर्नुभयो भने त्यहाँ पनि उनी छन् । भित्रतिर गएर हेर्नुभयो भने उनी त्यहाँ पनि छन् । हामीले यो कुरालाई बुझेपछि उनी सदैव हामीसँगै छन् भन्ने कुरा ज्ञात हुन्छ तर हामीले उनलाई कहिल्यै देख्न सकेनौं । देख्न नसकेपछि बुझ्न सकेनौं । नबुझेपछि दुनियाँको सारा झन्झटको बोझमा फसेर तपाईंले आफ्नो जीवन बिताइदिनुभयो । एकदिन तपाईं आउनुभयो अनि एकदिन जानुभयो तर तपाईंको हात खालीको खाली नै रह्यो ।

के तपाईंलाई यो संसारमा यस जीवनरूपी फूलबाट मह निकाल्ने विधिका बारेमा थाहा छ ! किनभने, यदि थाहै भएन भने त तपाईं यसबाट वञ्चित हुनुहुनेछ । यदि कसै गरी थाहा भयो भने तपाईंले कहिल्यै पनि भोको रहनुपर्दैन । हाम्रो जीवनमा जेसुकै भए पनि हामीले आफू कति भाग्यशाली रहेछु भन्ने कुरालाई कहिल्यै पनि बिर्सनुहुँदैन । हामीलाई यो मानिसको जीवन प्राप्त भएको छ । तथापि, हामी यो जीवनमा के गर्छौं ! मानिस त सबै कुरा जान्न चाहन्छ- चन्द्रमामा के छ ! समुद्रको सतहमा के छ ! तर, ‘ऊ को हो’ यो कुराका बारेमा जान्ने चाहना राख्दैन । यस कुरामा उसलाई केही वास्ता हुँदैन । कतिपय मानिसहरूलाई जे सुनाइएको हुन्छ त्यही कुरामा उसको पूरै जीवन, सम्पूर्ण सोच आधारित हुन्छ ।

बालबालिका विद्यालयमा गएपछि शिक्षकले उनीहरूलाई पढाउँछन्- ‘एक, दुई, तीन, चार ।’ बालबालिकाले पढ्छन् तर उनीहरूले कहिल्यै यसो भन्न सक्दैनन्- ‘एक किन भन्ने ?’ यदि बच्चाले यस्तो प्रश्न गऱ्यो भने उसले दण्ड भोग्नुपर्ने हुन्छ । यो संसारको ज्ञान हो । तथापि, जब कुरा आउँछ, ‘यो मेरो जीवन हो । यो जीवन मलाई प्राप्त भएको छ । जुन श्वास मभित्र आइरहेको छ त्यो मेरो श्वास हो । जुन समयमा म जन्मेको थिएँ त्यतिखेर ममा श्वास आउनु अत्यावश्यक थियो । यदि नआउँदो हो त म जीवित हुन सक्ने अवस्था रहँदैन थियो ।’ तब यो कुरा यस संसारको रहँदैन । यो कुरा त निजी कुरा हुन्छ ।

जुन यो जीवन मलाई प्राप्त भएको छ, के म यो जीवनलाई पहिचान गर्न सक्छु- यो कस्तो देन हो, मलाई के प्राप्त भएको छ ! या जे-जे संस्कार मानिसहरूले मलाई सिकाएका छन्- मेरो सोच तिनैमा आधारित हुन्छ ! हामीलाई मानिसको शरीर प्राप्त भएको छ । सोच्ने अनि बुझ्ने शक्ति पनि प्राप्त भएको छ तर के बुझेका छौं ? तथापि, एक न एकदिन मानिसको जीवनमा यस्तो समय पनि आउनुपर्छ- मानिस स्वयंले यस कुरालाई बोध गरोस् : ‘होइन, म केवल मान्न चाहन्न, म त जान्न चाहन्छु । आखिर यो सबै कुरा के हो ? यदि वास्तवमा यो श्वासको आउनु-जानु नै सबैभन्दा ठूलो आशीर्वाद हो भने म यो आशीर्वादलाई बुझ्न चाहन्छु । म त हरेक क्षण मलाई प्राप्त भइरहेको चिजको मूल्यका बारेमा जान्न चाहन्छु ।’

कसैले भन्दा हुन्, ‘धेरै धन प्राप्त भएपछि प्रगति हुन्छ ।’ तथापि, यो धनलाई कसले आफूसँग लिएर जाला त ! यो कस्तो प्रगति भयो ? कसले आफ्नो साथमा लिएर आएको थियो अनि कसले आफ्नो साथमै बोकेर जान्छ र ? जबसम्म हामी यो संसारमा छौं, यो संसारकै नियमको बन्धनभित्र हुन्छौं तबसम्म यो क्रम चलिरहन्छ । तथापि, जब फेरि त्यो कानुनको परिधिभित्र जानुहुनेछ जहाँबाट तपाईं आउनुभएको थियो, त्यस कानुनमा यी कुराहरू लागू हुँदैनन् । एउटा त यो संसारको नियम छ । अर्को तिनको नियम छ जसले तपाईंलाई बनाए । जसले तपाईंलाई यो श्वास दिएका छन् अनि जहाँ तपाईं फेरि फर्केर जानुपर्नेछ । तपाईं कुन कानुनको कदर गर्नुहुन्छ- त्यो कानुनको या यो कानुनको !

अन्तिम समय आएपछि मानिसलाई डर लाग्छ । तर, कुन कुराको समाप्ति हुनेछ ? जुन तपाईंभित्र अविनाशी छन् उनको त नाश हुनै सक्दैन ! यदि उनको नाश भयो भने उनी कसरी अविनाशी हुन सक्छन् ! उनको कहिल्यै पनि नाश हुँदैन । यो शरीर ६ वटा पदार्थबाट बनेको हुन्छ : क्याल्सियम, अक्सिजन, नाइट्रोजन, फस्फोरस, कार्बन र हाइड्रोजन । अनि, यो शरीरले फेरि तिनै पदार्थमा गएर मिसिनुपर्छ । फेरि तिनै पदार्थबाट केही अर्कै निर्माण हुनेछ ।

तपाईं महसुस गर्न सक्नुहुन्छ- दु:ख अनि सुख पनि । यदि सामुन्नेमा कुनै दु:ख दिने प्रकृतिको चिजलाई राखिएको छ भने कस्तो महसुस गर्नुहुन्छ । दु:ख नै महसुस गर्नुहुन्छ । यदि आफूअघि कुनै यस्तो चिज छ जुन सुख प्रदान गर्ने प्रकृतिको होओस् तब कस्तो अनुभूत गर्नुहुन्छ । सुख नै महसुस गर्नुहुन्छ । यसर्थ तपाईंले आफ्नो जीवनमा केही यस्तो प्रबन्ध गर्नुभएको छ जसद्वारा सुख दिने चिज अघि होओस् अनि दु:ख दिने चिज टाढा होओस् ! हरेक दिन यसको प्रबन्ध गर्नुपर्दछ ।

सुख के हो ? संसारलाई हेर्ने हो भने सुखको अर्थ छुट्टी मनाउनु, नाम कमाउनु, प्रख्यात हुनु हो तर त्यो सुख होइन । यदि वास्तविक सुख त्यो होइन भने वास्तविक सुखको अनुभव कसरी गर्नुहुन्छ ? यदि वास्तविक सुखको प्रबन्ध गर्नुभएन भने दु:ख त आउनेछ नै । एउटा दु:ख त्यो हो जसमा तपाईंका मनका चाहनाहरू पूरा हुँदैनन् । जब तपाईं सानो हुनुहुन्थ्यो, तपाईं खेलौना नपाएका कारणले दु:खी हुनुहुन्थ्यो । अनि, तपाईं सत्तरी वर्षको भएपछि तपाईंको खेलौना बदलियो तथापि खेलौनासँग तपाईंको अझै पनि मोह छ ।

सृष्टिकर्ताको आशीर्वाद प्राप्त भएका कारणले हामी जीवित छौं । यसको कुनै अर्थ र हन्छ । यो कुरालाई बुझिरहेका छैनौं । हामी अन्य कुराहरूमा अल्झिरहन्छौं- ‘तिमीले यस्तो गर्नुपर्छ । तिमीले उस्तो गर्नुपर्छ अनि यसो गऱ्यौ भने तिमीले जागिर प्राप्त गर्नेछौ । यदि जागिर प्राप्त भयो भने तिमीले यसो गर्न सक्छौ ।’ मानिसहरू पढ्छन्, लेख्छन् अनि जब जागिर खाने समय हुन्छ तब उनीहरू जागिर खान चाहन्छन् ।

किनभने, मानिसका आफ्नै सपना हुन्छन् । मानिस आफ्ना सपनालाई पूरा गर्न चाहन्छ । आफ्नो सपनालाई पूरा गर्नका लागि उसलाई पैसाको आवश्यकता पर्दछ । यसर्थ उसले जागिरको खोजी गर्नुपर्ने हुन्छ । आफ्नो सपनालाई पूरा गर्नका लागि मानिसहरूले ऋण पनि लिन्छन् ।

उक्त ऋण तिर्नका लागि अझै अर्को जागिर खानुपर्ने हुन्छ । यसपश्चात् यस्तो जागिर खान्छन् मानिसहरू जीवनभरि नोकरै भएर बिताउँछन् । तब मात्रै नोकरी छुट्छ जब यो शरीर कुनै कामका लागि योग्य रहँदैन । अनि, आफ्नो कामका लागि योग्य हुने कुरा त भएन नै, अरू कसैको कामका लागि पनि उपयोगी रहँदैन । यी सारा नियमलाई मानिसले नै बनाएका हुन् । कुरा के हो भने, हामीले आफ्नो जीवनमा यताउता ध्यान दिनु राम्रो होइन । ध्यान त्यहाँ लगाऔं, जसले गर्दा हाम्रो जीवनमा आनन्द प्राप्त होओस् ।

*(साभार: न्यूज अफ नेपाल)*

# आयोजकको असावधानीले जले अर्थमन्त्री र मेयर

पोखरा/वर्षभरि पर्यटक बोलाउँदै पोखरालाई उत्सवमय बनाउने लक्ष्यसहित शनिबार 'पोखरा भ्रमण वर्ष-२०२५' घोषणा हुँदै थियो । कार्यक्रमस्थल सहभागीले भरिभराउ थियो । पोखराका विभिन्न स्थानबाट निस्किएका झाँकी र बाजागाजाले पोखरा गुञ्जिएको थियो । मञ्च बेहुली झैँ सिंगारिएको थियो । पोखरेली खुसी थिए, उत्साही थिए ।

एकाएक कार्यक्रमस्थलमा सन्नाटा छायो । सबैका खुसी चिन्तामा परिणत भए । अप्रत्यासित घटनाले कार्यक्रम खल्लो मात्रै भएन, अर्थमन्त्री विष्णु पौडेल र पोखरा महानगरका मेयर धनराज आचार्यको ज्यानै जोखिममा पर्‍यो । पोखरा भ्रमण वर्ष २०२५ को उद्घाटन गर्न बेहुली झैँ सिंगारिएको मञ्च उजाडियो, भरिभराउ कुर्सी केहीबेरमै रित्ता भए ।

पोखरामा सन् २०२५ मा २० लाख पर्यटक भित्र्याउने लक्ष्यसहित भ्रमण वर्ष उद्घाटनका लागि आयोजित विशेष कार्यक्रम एकएक सन्नाटामा परिणत भयो ।

उद्घाटन समारोहका लागि विशेष साजसज्जासहित झकिझकाउ पारिएको मञ्चमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री पौडेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डे, गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, पूर्वमुख्यमन्त्री खगराज अधिकारी, पोखराका मेयर धनराज आचार्य लगायत थिए ।

पोखराका ठाउँ ठाउँबाट झाँकी र र्‍यालीसहित प्रदर्शनी केन्द्रमा बडो तामझामका साथ औपचारिक कार्यक्रम सुरु भएको थियो । सञ्चालकले बेलुनहरू उडाएर भ्रमण वर्षको घोषणा गर्न पौडेल र आचार्यलाई आग्रह गरे ।

कार्यक्रमको डिजिटल इनागुरेसन गर्ने क्रममा हाइड्रोजन ग्यास भरिएका बेलुनहरू फायर क्यान्डिलबाट निस्किएका झिल्काहरू (स्पारकल्स)सँग ठोकिन पुगेपछि विस्फोटसहित आगोको मुस्लो निस्कियो । बेलुनको झुप्पा समाइरहेका अर्थमन्त्री पौडेल र मेयर आचार्यलाई त्यही मुस्लोले छोप्यो ।



अर्थमन्त्री पौडेल हातले आगो निभाउँदै दौडिएर मञ्चमाथि पुगे । मेयर आचार्य दर्शकदीर्घातिर हुत्तिए । मञ्चमै रहेका मन्त्री पौडेललाई सुरक्षा गार्डले बाँकी रहेका आगोका झिल्का निभाए । उता, मेयर आचार्यलाई पनि नजिकै रहेकाहरूले त्यसै गरे ।

तर, त्यतिबेलासम्म अर्थमन्त्री पौडेल र मेयर आचार्यको गाला, हात, कपाल लगायत शरीरका अन्य केही भागमा आगोले पोलिसकेको थियो । तत्कालै पौडेललाई पोखराको गण्डकी मेडिकल कलेज र आचार्यलाई फिस्टेल अस्पतालमा उपचारका लागि पुर्‍याइयो । त्यहाँ प्राथमिक उपचारपछि चिकित्सकहरूले काठमाडौंस्थित कीर्तिपुर बर्न अस्पताल लैजान सुझाव दिए ।

जलेका बिरामीहरू जोखिमपूर्ण अवस्थामा हुने हुँदा विशेषज्ञ अस्पतालमै लैजान चिकित्सकहरूले सुझाव दिएका थिए । त्यसपछि दुवैलाई हेलिकोप्टरबाट काठमाडौं पुर्‍याइयो । हाल दुवैको कीर्तिपुर बर्न अस्पतालमा उपचार भइरहेको छ ।

अस्पतालले सघन कक्षमा राखेर दुवैको उपचार चलिरहेको, शरीरको ५, ६ प्रतिशत भागमा जलन रहेको भन्दै उच्च निगरानीमा राखिएको जनाएको छ । अनुहारका विभिन्न भाग जलेकाले फोक्सोमा असर पुग्न सक्ने जोखिमलाई मध्यनजर गर्दै उच्च निगरानीमा राखेर उपचार भइरहेको अस्पतालले जनाएको छ ।

कार्यक्रम व्यवस्थापनको दौरान ध्यान नदिइँदा ठूलो दुर्घटना हुन पुगेको भन्दै आलोचना भइरहेको छ । पोखरा महानगरका प्रवक्ता मोति तिमिल्सिनाले दुःखद घटना हुन पुगेको बताए ।

ठूलो जनधनको क्षतिबाट जोगिएको भए पनि यस्ता कार्यक्रम र उद्घाटन शैलीका विषयमा पनि चर्चा सुरु भएको छ । एकातिर औपचारिक घोषणा तथा यस्ता कार्यक्रमहरूमा आयातित फायर क्यान्डर र बेलुन उडाउने पुरातन शैली नै परिवर्तन गर्नुपर्ने बहस चलेको भने अर्कोतिर कार्यक्रम व्यवस्थापनमा कतिसम्म गम्भीर हुनुपर्छ भन्ने कोणबाट पनि चर्चा चलिरहेको छ । नेपाल पर्यटन बोर्डका पूर्वसदस्य वासुदेव त्रिपाठीले यो कार्यक्रमबाट भविष्यमा पाठ सिक्नुपर्ने बताउँछन् ।

'यो एक असल मनसायले साझा लक्ष्य प्राप्तिका लागि आयोजना गरिएको कार्यक्रममा भएको भवितव्य घटना हो । हाइड्रोजन बेलुन र आगोको झिल्काको बारेमा ज्ञान भएन या यसबारेमा बेवास्ता हुन गयो,' त्रिपाठीले भने, 'यो घटना ठूलो क्षति ल्याउन सक्ने खालको भए पनि सौभाग्यवश क्षति कम भएको छ ।'

घोषणा कार्यक्रममा भएको दुर्घटनाले उत्सवलाई नै खल्बिलाइदियो भने अर्थमन्त्री र मेयरलाई अस्पताल लगेसँगै सर्वसाधारण समेत कार्यक्रमस्थलबाट हिँड्दा घोषणा कार्यक्रम दर्शनबिहीन बन्न पुग्यो । सुरक्षा निकायले आफ्नो केन्द्रीय सुरक्षा चेक लिस्टमा यसलाई समावेश गर्ने र मातहतका निकायमा सर्कुलर जारी गर्नुपर्ने देखिएको त्रिपाठीको भनाइ छ ।

'यसबाट उपयुक्त तरिकाले शिक्षा लिने हो भने भविष्यमा थुप्रै सम्भावित घटनालाई बेलैमा रोक्न सकिन्छ,' त्रिपाठी भन्छन्, 'विशिष्ट पाहुनाहरू सहभागी हुने कार्यक्रमहरूको तालिका तोकिएका सुरक्षा अधिकारीले हेर्नुपर्ने देखियो यसबाट धेरै सिकौं ,नबिर्सिने गरी सिकौं । हाम्रो बानी छिट्टै बिर्सने खालको छ, यसो नगरौं ।'

प्रमुख अतिथि र कार्यक्रमका सभाध्यक्ष नै जलेर घाइते भएपछि उनीहरूलाई अस्पताल पठाएर पर्यटनमन्त्री बद्रीप्रसाद, मुख्यमन्त्री सुरेन्द्रराज लगायतले पर्यटन भ्रमण वर्ष पोखरामा पर्यटक ल्याउन ठूलो कडी बन्ने भन्दै दुर्घटनाले शिक्षा दिएकोसमेत बताए ।

यस्ता कार्यक्रममा लोगोसहित बेलुनमा टाँगेर आकासमा उडाउन हाइड्रोजन हिलियम र तातो हावा भर्ने गरिँदै आएको छ । पोखरामा पड्किएको बेलुनमा भने हाइड्रोजन ग्यास भरिएको थियो । नेपाल केमिकल सोसाइटीका अनुसार सुरक्षाका हिसाबले बेलुनमा हिलियम ग्यास भर्ने गरिन्छ । तर, यहाँ हाइड्रोजन किन भरियो भन्ने अनुसन्धानकै विषय छ ।

अर्थमन्त्री र मेयर आचार्यलाई उपचारका लागि कीर्तिपुर पुर्‍याइएपछि गृहमन्त्री रमेश लेखक, स्वास्थ्यमन्त्री प्रदीप पौडेललगायतले भेटेका छन् । भेटपछि गृहमन्त्रीले यस्ता घटना दोहोरिन नदिन सरकारले सतर्कता अपनाउन सबैलाई निर्देशित गर्नुपर्ने देखिएको प्रतिक्रिया दिए ।

उनले कार्यक्रमको शैली नै फेर्नुपर्ने पनि बताए । 'यस्तो खालको बेलुनमा उडाउनका लागि हावा राख्ने कुरा घातक हुने रहेछ । अब यस्तो कुराहरूलाई अलि ख्याल गर्नुपर्छ, अब गर्न भएन,' गृहमन्त्री लेखकले भने, 'पहिले पहिले यस्ता कार्यक्रम गरिराखिएकै हो, दुर्घटना अचानक हुन्छ, भइहाल्यो, अब दोस्रोपटक नहुने गरी व्यवस्था गर्नुपर्छ । त्यो हामी गर्छौं ।'

गृहमन्त्री लेखकले यस्तो शैलीको कार्यक्रम आयोजना नगर्न सरकारीस्तरबाटै व्यवस्था गर्ने बताए । कार्यक्रमलाई सहरअनुसारको संस्कृति, संस्कार र मौलिकतासँग जोड्ने र यस्ता कार्यक्रममा अपनाउनुपर्ने सुरक्षाका विषयमासमेत सचेत हुनुपर्ने बहस अहिले भइरहेको छ । वैज्ञानिक तथा अनुसन्धानदाता ढाकाराम भण्डारीले आगोको झिल्का र हाइड्रोजन भरिएको ग्याँस एकै ठाउँमा हुँदा दुर्घटना भएको बताए । उनले फायर क्यान्डिल के-केबाट बनेको हुन्छ, त्यसको विशेषता के हो र त्यो कस्ता बेलामा प्रयोग गर्ने वा नगर्ने भन्ने विषय पनि सचेत रहनुपर्ने बताए ।

'कार्यक्रम उद्घाटन तथा भ्रमण वर्ष घोषणाका क्रममा फायर क्यान्डिलबाट निस्किएको आगोको झिल्का नै हो र त्यसले हाइड्रोजनलाई जल्न सहयोग गर्‍यो, बेलुन फुट्यो र आगो नै सल्कियो,' भण्डारीले भने, 'हाइड्रोजन छिटो बल्ने ग्याँस हो । यो रिस्की छ भन्नेसमेत यसले देखाएको छ ।'

*(स्रोत: अनलाइनखबर)*

# दयाहाङको हिट फिल्म 'दयारानी' सिनेमाघर एपमा रिलिज




काठमाडौं/गत वर्षको व्यावसायिक रुपमा सफल फिल्म 'दयारानी' नेपालको अग्रणी ओटीटी प्लेटफर्म सिनेमाघर एपमा रिलिज भएको छ । भ्यालेनटाइन डेको सन्दर्भ पारेर फिल्मलाई एपमा रिलिज गरिएको हो । यो फिल्म हेर्न दर्शकले दुई सय रुपैयाँ शुल्क तिर्नुपर्नेछ ।

'दयारानी'लाई माओत्से गुरुङले लेखन तथा निर्देशन गरेका हुन् । यसमा दयाहाङ राई, दीया पुन र विजय बराल मुख्य भूमिकामा छन् । फिल्मले एक दम्पतीको बाँझोपनसँगको सैर्षलाई मार्मिक रूपमा प्रस्तुत गरेको छ । फिल्मले घरेलु बक्स अफिसमा २ करोड हाराहारीको व्यापार गरेको थियो ।

'सिनेमाघर एप'मा यसअघि 'कबड्डी ४', 'जारी', 'महापुरुष', 'छक्का पञ्जा ४', 'एक भगवत् गीता', 'उपहार', 'झिँगेदाउ', 'डिग्री माइला', 'घरज्वाइँ', 'पशुपति प्रसाद २ : भष्मे डन', 'प्रेमगीत ३', 'पानीफोटो', 'चिसो मान्छे' जस्ता फिल्म रिलिज भइसकेका छन् । चाँडै एपमा यस वर्षको सुपरहिट फिल्म 'बोक्सीको घर' रिलिज हुँदैछ ।

वेब ब्राउजरसहित एन्ड्रोइड र आइओएस मोबाइलहरू, स्मार्ट टिभीमा उपलब्ध रहेको 'सिनेमाघर एप'मा फिल्म हेर्न चाहने दर्शकले भुक्तानीका लागि संसारभरबाट मास्टर कार्ड तथा भिसा कार्ड प्रयोग गर्न सक्नेछन् भने नेपाल र भारतबाट डिजिटल वालेट तथा क्युआर कोडको प्रयोग गर्न सकिन्छ । पछिल्लो समय सिनेमाघर एपप्रति दर्शकको आकर्षण बढेको छ ।

# युएईले दिएन 'दुःखी आत्मा'लाई रिलिज अनुमति, बहराइनमा पनि रोकियो

काठमाडौं/प्रेम दिवसको दिन पारेर शुक्रबारबाट नेपालसहित विभिन्न देशमा एकसाथ प्रदर्शनमा आएको फिल्म 'दुःखी आत्मा'लाई युएईमा भने प्रतिबन्ध लगाइएको छ । दुईपटक सेन्सर गर्दा पनि 'युएई मिडिया काउन्सिल'ले रिलिज अनुमति नदिँदा युएईमा बस्ने नेपालीहरु फिल्म हेर्नबाट बञ्चित भएका छन् । युएईमा फिल्म सेन्सर पास नहुँदा अर्को देश बहराइनमा पनि फिल्मको रिलिज रोकिएको छ ।




युएईमा फिल्मको दुईपटक सेन्सर गरिएको थियो । तर, दुवैपटक फिल्म सेन्सर पास हुन सकेन । मिडिया काउन्सिलको निर्देशन बमोजिम केही दृश्य काँटछाँट गरेर दोस्रो पटक सेन्सरमा लैजाँदा समेत फिल्म पास नभएको निर्देशक दीपेन्द्र लामाले जानकारी दिए । मिडिया कन्टेन्टको सीमाभित्र नपरेका कारण युएईले फिल्म रिलिजमा रोक लगाएको हो ।

युएईको 'मिडिया काउन्सिल'ले गरेको निर्णय बहराइनमा पनि लागू हुन्छ । यसैले बहराइनमा समेत 'दुःखी आत्मा'को रिलिज रोकिन पुगेको छ । तर, अर्को देश कतारमा फिल्म सेन्सर पास भएर शुक्रबारबाट प्रदर्शनमा पनि आइसकेको छ । कतारले फिल्मको कुनै दृश्य काँटछाँट नगरी रिलिजको अनुमति दिएको निर्देशक लामाले बताए ।

'दुःखी आत्मा'ले व्यापारमा सुधारका लागि घरेलु बक्स अफिसमा संघर्ष गरिरहेको छ । फिल्मको ओपनिङ अपेक्षाकृत हुन सकेन । शनिबार पनि व्यापारमा खासै वृद्धि भएन । अब आइतबारबाट कामकाजी दिन सुरु हुने भएकाले फिल्मलाई थप चुनौती हुनसक्छ । यद्यपि, फिल्मलाई दर्शकीय प्रतिक्रिया राम्रो छ । प्रायःले कथावस्तु र कलाकारको अभिनय मन पराएका छन् ।

फिल्मले यौन दुर्बलता (इरेक्टाइल डिसफङ्सन)को विषय उठान गरेको छ । सम्भोगको क्रममा लिङ्गमा उत्तेजना नहुने समस्याबाट पीडित पात्रको कथामा फिल्म आधारित छ । यो पात्रको भूमिकामा अभिनेता दयाहाङ राईले अभिनय गरेका छन् । उनको जोडी बनेर अभिनेत्री आँचल शर्मा प्रस्तुत छिन् । हिमाल कडरियाको लगानी रहेको फिल्मलाई आलोक शुक्लाले छायांकन गरेका हुन् ।

## सरकारी सेवा अनुभूति:

# लाइसेन्स नवीकरण गर्ने सजिलो 'मन्त्र'

काठमाडौं/यातायात कार्यालय जानुपर्ने दिन आउनासाथ आम सेवाग्राहीलाई त्यहाँको 'टक्सिक' जस्तो लाग्ने वातावरण (भीडभाड, लामो लाइन, आजै काम नहुने डर र अनपेक्षित रूपमा सहयोग गर्न आइपुग्ने सहयोगीहरूको ताँती) ले मनलाई पहिल्यै अत्याइसकेको हुन्छ । 'जे-जसो परोस्, केही पैसा कतै दिएर मिल्छ भने मिलाइहालौं र काम सकेर हिंडिहालौं' भन्ने आम सेवाग्राही मानसिकता पहिल्यै बुझ्न सकिन्छ । हामी सेवाग्राही पनि घूस खुवाउन शुरुमै एक खाले मानसिक तयारी गरेर घरबाट हिंड्छौं । यस अर्थमा सरकारी कार्यालय सही नहुनुमा हामी सेवाग्राही पनि कहीं न कहीं जिम्मेवार छौं ।

पाँच वर्ष अगाडिको कुरा हो, मेरो लाइसेन्स (सवारी अनुमतिपत्र) रिन्यु गर्नुपर्ने थियो । म यातायात कार्यालय, एकान्तकुना कम्पाउण्डमा पुग्न पाएकै थिएन, धेरै जना सहयोगीहरूले सहयोग लिन अनुरोध गरिसकेका थिए । उनीहरू सबैको खुल्लम-खुल्ला 'अफर' थियो कि ५००/७०० दिनुहोस् आजको आजै नयाँ लाइसेन्स लिएर जानुहोस् । नत्र यताउता भौंतारिन, लामो लाइन बस्न र हप्तौं कुर्न तयार हुनुहोस् । मलाई आफैं काम गर्न मन लाग्ने भएकोले सिधै भित्र गएँ ।

त्यहाँ रु.१० का डाक्टर रहेछन्, यातायात कार्यालयले नै ठेक्का दिएर राखेका । डाक्टर गज्जबका रहेछन् । एक हातले १० रुपैयाँ लिएर अर्को हातले 'तिम्रो सबै स्वास्थ्य ठिक छ, तिमी अब ५ वर्षसम्म राम्रो गरी सवारी चलाउन सक्छौ' भन्ने प्रमाणपत्र दिने रहेछन् । गज्जब लाग्यो र त्यो प्रक्रिया पूरा गरें । अगाडि बढेपछि मेरो आँखाको दृष्टि चेकजाँच गरियो । रंगीन जालीभित्र पसेका अंक पढ्न लगाइयो । पढें र पास पनि भएँ । अगाडि बढेपछि नागरिकता प्रतिलिपि बनाउन बिर्सिएको रहेछु, त्यसैले प्रतिलिपि निकाल्न बाहिर गएँ ।

फेरि पनि मलाई सहयोगीहरूले आफ्नो क्षमता बताए । आउनुहोस्, कागजात मलाई दिनुहोस् म तपाइँको काम आजै सकिदिन्छु । तपाइँ आफैं जानुभयो भने कम्तीमा दुई हप्ता लाग्छ । म फेरि पनि नबोली भित्र छिरें । त्यसपछि मलाई पैसा तिर्ने लाइनमा बस्न भनियो । लगभग ४५ मिनेटको रस्साकस्सीपूर्ण लाइनको उभ्याइपछि मेरो पालो आयो । पैसा हातमा बोकेर कागजात प्वालबाट भित्र छिराइदिएँ । त्यसपछि अर्कोपट्टिको लाइनमा जान भनियो । अर्को लाइनमा बसेको २० मिनेट जति पछि मेरो नाम बोलाइयो ।

पैसा हातमा लिएर गएँ तर उनीहरूले मलाई ६ नम्बर कोठामा जानु भने । मैले 'किन- के भयो र ?' भनें । उनीहरूले हामीलाई थाहा हुँदैन भन्दै मेरो कागजात प्वालबाट बाहिर छिराइदिए । फेरि के पुगेन भन्दै पूर्वतर्फको कोठा नम्बर ६ मा गएँ । त्यहाँको लाइन छोटो थियो । पछि बुझें आफैं काम गर्छु भनेर 'जान्ने पल्टने' म जस्ता सेवाग्राहीले ६ नम्बर भएर गुज्रनुपर्ने रहेछ । मेरो पालो आएपछि त्यहाँका कर्मचारीले मेरो कागजात लिए र केही नहेरिकन 'दुई हप्तापछि आउनू' भने । म छक्क परें । सोधें, 'के भएको छ र दुई हप्तापछि आउनुपर्ने ? यो तेस्रो पटक रिन्यु गर्ने बेलामा कुन महान् गल्ती भेटियो र दुई हप्ता लाग्ने हो ?'

उनले मेरो कागजात 'भेरिफिकेसन' गर्न समय लाग्ने बताए । 'पहिला-पहिला रेन्यु गर्दा त केही गर्नु नपरेको' मैले बताएँ । 'अरूले के गरेन मलाई थाहा हुँदैन । हामी नियम अनुसार काम गर्छौं । हामीलाई धेरै डिस्टर्ब नगर्नुस्', उनले कडक स्वरमा भने । त्यसपछि बाहिर गएँ । अघिदेखि सहयोगको 'अफर' गर्ने भाइलाई भेटें । देख्नासाथ उनले भने- 'देख्नुभो नि, तपाइँको काम हुँदैन भन्ने मलाई पहिल्यै थाहा थियो । दुई हप्तापछि बोलाएको होला होइन, ६ नम्बर कोठाबाट ?' मलाई जे भएको थियो उनी त्यही भन्दै थिए ।

उनले भने, 'हामीले काम गरेपछि त्यो ६ नम्बर कोठामा जानै पर्दैन । अझै पनि बिग्रेको केही छैन । ७०० रुपैयाँ बढी दिनुहोस् । आजै नयाँ लाइसेन्स लिएर जानुहोस् ।' मलाई उनको कुराले छक्क पार्‍यो । ६ नम्बर कोठा त सिधा-साधा सेवाग्राहीलाई ठिक लगाउने कोठा रहेछ भन्ने थाहा भयो । त्यो मात्रै होइन कि हजारौं सेवाग्राहीले सेवा लिने त्यो कार्यालयमा सीधै काम गर्न जाने सेवाग्राही त नगन्य हुने रहेछन् भन्ने थाहा पाउँदा झन् पीडा महसुस भयो ।

आफू नजिकै बस्ने र दुई हप्तापछि लाइसेन्स तयार हुँदा पनि फरक नपर्ने बताउँदै म भित्र पसें । ६ नम्बर कोठामा पुरानो लाइसेन्स दिएँ र फर्कन लागें । तर किन-किन त्यस कार्यालयको प्रमुखलाई नभेटिकन फर्कन मन लागेन । त्यसैले सोध्दै-खोज्दै तीन तला माथिको प्रमुखको कोठामा पुगें । प्रमुखको कोठामा सोफामा केही सेवाग्राहीहरू बसेका थिए भने प्रमुख एक जना प्रहरी अधिकृत (डीएसपी) सँग कुराकानीमा मस्त थिए । उनीहरूको लामो खुसामद देखेर कुनै गोप्य लेनदेनमा बार्गेनिङ भइराखेको हो कि भन्ने मलाई लाग्यो ।

जेहोस्, अब मौनता तोड्नै पर्छ भन्ने सोचेर म सोफाबाट उठेर उनको टेबल नजिकै गएर उभिएँ । नजिकै गएर उभिएको २/३ मिनेट हुँदा पनि कुनै खालको सोधनी नआएपछि मैले 'सर ! सर !' भनेर बोलाउने प्रयास गरें । मेरा प्रयासहरूका बाबजुद पनि उनले मलाई सुनेनन् वा सुन्ने प्रयास गरेनन् । हुन त अक्सर नेपालका सरकारी अफिसमा मानिसहरू आइरहने-गइरहने, जसले-जसरी पनि कुनै पालो विना बोल्न-सोध्न सक्ने खालको वातावरण हुन्छ । न समय लिएर भेट्ने खालको चलन छ न त सेवाग्राहीका समस्या ध्यान दिएर सुन्ने वा सुन्न सकिने वातावरण नै हुन्छ । होहल्लाको बीचमा गर्नेले काम गरिरहन्छन् र नगर्नेहरू गफ हानेर र घुमेर जागिर पकाइरहन्छन् । केही सरकारी कार्यालयका कर्मचारीहरूको कुरालाई विश्वास गर्ने हो भने हरेक सरकारी कार्यालयमा लगभग ३० देखि ५० प्रतिशत कर्मचारीले मात्रै राम्ररी काम गर्ने र बाँकी चाहिं राजनीति, मिटिंग, काज मिलाएर, लेनदेन लगायत कामहरूमा समय दिएर आफ्नो जागिर खान्छन् ।

अनि पछि बढुवा र पुरस्कारको लागि भने प्रायःजसो यस्तै कर्मचारीको नाम सिफारिशमा पर्ने गर्छ । किनकि हाकिमलाई खुसी पार्न चाहिने सबै खाले कला यिनीहरूले सिकेका हुन्छन्, शिवाय जनताको काम गर्न । राजनीतिमा लागिसकेपछि नेताहरूको प्रिय त हुने नै भए । नेपालका सरकारी कार्यालयहरूमा एक खाले हाकिमहरू यस्ता पनि देखेको छु जो कार्यालयलाई आफ्नो रवाफ र शान देखाउने थलो सम्झन्छन् । जसले गर्दा ध्यान सेवा प्रवाहको गुणस्तरमा भन्दा यस्ता देखावटी कुराहरूमा बढी केन्द्रित हुन्छ । कुनै कार्यालयका एक हाकिमले एक पटक मेरै अगाडि टेबलको जारमा भएको पानी हालेर खानको लागि आफ्नो टेबलको घण्टी थिचे ।

कतै पुगेको परिचर केही ढिला गरी आए र पानी भरिदिए । तर उनलाई हाकिमले राम्रोसँग मन लगाएर काम नगर्ने हो भने भोलिबाट अफिस नआए हुन्छ भने । मानौं कि जागिर उनको खल्तीबाट दिइएको थियो । हामीले नेदरल्याण्डका प्रधानमन्त्रीले आफूले चिया पोखेपछि आफैं 'मोप' ल्याएर सफा गरेको देखेका छौं । विदेशमा बैंकका सीईओले आफ्नो कोठा, टेबल आफैं सफा गर्नुपर्ने सुनेका छौं । तर नेपालमा भने यस्तै देख्न पाइन्छ प्रायःजसो ।

खैर, हाम्रो पुरानै कुरामा आऔं । हाकिम साहेब कुनै कारणवश आफू बसेको कुर्सीबाट उठे र केही चिजबिज खोज्न लागे । खै किन हो, डीएसपी साहेब शान्त र सिरियस मूडमा चुप थिए । मैले त्यही बेला पारेर एउटा अनौठो माग गरें ।

'सर मलाई एउटा मन्त्र चाहियो'

'मन्त्र ?' हाकिम झस्किए ।

हो सर 'मन्त्र'

'के मन्त्र भन्नुहुन्छ तपाईं ?' उनले अप्ठ्यारो महसुस गर्दै जिज्ञासा राखे ।

सर, यो कार्यालयमा दुई खाले सेवा शुल्क र व्यवस्था रहेछ । सेवाग्राहीले आफैंले सेवा लिन चाहँदा शुल्क केही कम्ती तर समय दुई हप्ता भन्दा बढी लाग्ने रहेछ । अनि बाहिरका सहयोगी मार्फत सेवा लियो भने शुल्क केही बढी तर सेवा आजको आजै पाइने रहेछ ।

भर्खर पनि बाहिरका सहयोगीहरूले ७०० रुपैयाँ दिएमा आजै काम हुने भन्दैछन् तर मेरो लाइसेन्स नवीकरण गर्न अर्को दुई हप्तापछि आउनु भनेर तपाइँको कर्मचारीले बिदा दिए । कानुनको विद्यार्थी पनि भएकोले र यो कुरा सबैलाई जानकारी दिन सकियो भने उनीहरूले पनि आ-आफ्नो सुविधा र क्षमता अनुसारको सेवा लिन पाउँछन् भन्ने कामनाको साथ आजको आजै सेवा पाउने मन्त्र के हो र २/३ हप्तापछि सेवा पाउने अर्को मन्त्र के हो ? मलाई प्रकाश पारिदिनुहुन्थ्यो कि सर ? मैले एकै सासमा यति भनें ।

मेरो कुरा सुनेपछि हाकिम एकछिन स्तब्ध भएर मलाई हेरिरहे । उनीसँग मेरो मन्त्रवाला प्रश्नको उत्तर नभए झैं लाग्यो । ६ नम्बर कोठाको कर्तुत मैले बुझेको जस्तो उनलाई लागेको हुनुपर्छ । एकै छिनपछि हाकिमको दिमागले एउटा जुक्ति निकाल्यो । उनले मसँग मेरो कागजात मागे । मैले ६ नम्बर कोठामा कागजात बुझाइसकेको बताएँ । *(स्रोत: अनलाइनखबर)*

# चार महिनामा सकियो 'बलिदान'को छायांकन, रिलिज कहिले ?

काठमाडौं/प्रायः नेपाली फिल्मको छायांकन सेड्युल एक महिनाको हुन्छ । ठूलो क्यानभासको फिल्मलाई भने ५०/६० दिनसम्म लाग्ने गरेको छ । छायांकन अवधि धेरै हुँदा बजेट पनि बढ्ने भएकाले एक महिनाको सेड्युल सबैभन्दा उपयुक्त मानिन्छ । तर, फिल्म 'बलिदान'ले भने सबैभन्दा लामो समय खिचिने फिल्मको कीर्तिमानी बनाएको छ । यो फिल्म खिच्न १ सय २० दिनभन्दा बढी समय लागेको छ ।

गत भदौ २२ गतेबाट फिल्मको छायांकन सुरु भएको थियो । दशैं र तिहारको समयमा झन्डै एक महिना रोकिएको छायांकन मंसिर ७ गतेबाट पुनः थालिएको थियो । अन्ततः दुई चरणमा गरी चार महिनामा फिल्म 'प्याकअप' भएको छ । शुक्रबार मोरङको हसिना सिमसार स्थित बुढासुब्बा मैदानमा फिल्मका मुख्य अभिनेता समीर भट्ट र अभिनेत्री ॠचा शर्माले अन्तिम दृश्य दिए ।

छायांकन सकिएपछि निर्देशक सन्तोष सेनले 'महान फिल्म' बनाउने कुरामा कतै कम्प्रमाइज नगरिएको बताएका छन् । उनले भने, 'कथाको सिर्जना होस् वा कलाकार, प्राविधिक र प्रविधिको छनोट, हामीले सोचेभन्दा राम्रो गर्न सफल भयौं । शारीरिक, मानसिक र भावनात्मक रूपमा धेरै सैर्ष गर्‍यौं, तर फिल्मलाई उत्कृष्ट बनाउन कुनै कसर बाँकी राखेनौं ।'

केही हप्ताभित्रमा टिजर मार्फत फिल्मको प्रदर्शन मिति घोषणा गर्ने तयारी गरिएको छ । फिल्मलाई कुन मितिमा लगाउने भन्ने निधो निर्माताले गरिसकेका छन् । स्रोतका अनुसार आगामी फूलपातीमा फिल्म रिलिजको तयारी गरिएको छ । 'बलिदान'ले फूलपाती रोजेको अवस्थामा बक्स अफिसमा 'हेभीवेट' भिडन्त हुनेछ । यसअघि नै आधा दर्जन बढी फिल्मले फूलपाती रोजिसकेका छन् ।

एक्सन कथामा निर्माण भएको फिल्ममा समीर र ॠचासहित सौगात मल्ल, अर्पण थापा, दिव्य देव, कामेश्वर चौरसिया लगायतको अभिनय छ । यसमा सन्तोष सेनले पनि महत्त्वपूर्ण भूमिकामा अभिनय गरेका छन् । 'बलिदान'को कथा नेपालको भूमिमा भइरहेको शोषण, अन्याय र समाजका तथाकथित नाइकेहरूको विरुद्धको सैर्षमा आधारित रहेको बताइएको छ ।

'बलिदान'मा दक्षिण भारतका चर्चित एक्सन निर्देशक स्टन्डर सामले एक्सन दृश्य कोरियोग्राफी गरेका छन् । फिल्ममा गायक सुजन चापागाईं, गीतकार हर्क साउद र निर्देशक नवीन चौहानको समूहले गीत, सङ्गीत तथा ब्याकग्राउण्ड म्युजिकमा काम गरिरहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मकवानपुरमा आयकर दाखिला नगर्ने करदाता घट्दो

साझाकुरा संवाददाता




हेटौंडा, ३ फागुन/ वार्षिक आयकर विवरण र बक्यौता नबुझाउने करदातालाई लक्षित गरी आन्तरिक राजस्व कार्यालय हेटौंडाले अभियान चलाएपछि आयकर दाखिला नगर्ने करदाता (नन फायलर) करदाता घट्दै र बक्यौता संकलन बढ्दै गएको छ ।

घरदैलो कार्यक्रम, एसएमएस, पत्रचाार तथा संघसंस्थासँग नियमित अन्तर्क्रियालगायत कार्यक्रम सञ्चालन गरेपछि लामो समयदेखि आयकर दाखिला नगरी ननफायलर करदाता र बाँकी बक्यौता क्रमश: घट्दै गएको हो । कार्यालयबाट व्यवसायी करदाता प्रमाणपत्र (प्यान) लिएकामध्ये करिब ६५ प्रतिशतभन्दा बढी करदाताले लामो समयदेखि वार्षिक आय विवरण र बक्यौता नबुझाएपछि कार्यालयले त्यस्ता कर दाताको अभिलेख तयार पारेर अघि बढेको छ ।

वार्षिक आय विवरण नबुझाउनेमध्ये धेरैजसो उपभोक्ता समिति, धार्मिक समिति, क्लब छन् । 'आर्थिक वर्ष २०७९/८० र सो भन्दा अघिल्लो आवको आय विवरण नबुझाउने करदाता बढी छन्, 'प्रमुख करअधिकृत युक्तप्रसाद सुवेदीले भने, 'त्यसैले आय विवरण नबुझाउने कर दाताको अभिलेख तयार पारेर अभियान सुरु गरेका छौं ।' पहिलो चरणमा घरदैलो कार्यक्रम, एसएमएस, पत्रचाार तथा उद्योग वाणिज्य संघ, सुनचाँदी व्यवसायी संघलगायत संघसंस्थासँग नियमित करदाता शिक्षा तथा अन्तर्क्रियालाई अघि बढाइएको उनको भनाइ छ ।

प्रमुख करअधिकृत सुवेदीका अनुसार चालु आव २०८१/८२ को असारसम्ममा 'नन फायलर'को संख्या ३२ प्रतिशतमा झार्ने लक्ष्यका साथ सुरु गरिएको अभियानका कारण माघ महिनासम्ममा नन फायलर करदाताको संख्या ५९ प्रतिशतमा झरेको छ । यस्तै केही महिना अघिसम्म ६५ करोड बक्यौता संकलन गर्न बाँकी रहेकोमा अभियान सञ्चालन भएपछि बक्यौता पनि ४५ करोडमा झरेको प्रमुख करअधिकृत सुवेदीले बताए ।

अभियानका क्रममा कार्यालयले अन्त:शुल्क ऐनअन्तर्गत इजाजत लिएका करदाताले साउन महिनाभित्र नवीकरण नगरेका दुई सय ३९ करदातालाई एसएमएस पठाएको छ । यस्तै आयकर विवरण पेस नगरी नन फायलर रहेका १० हजार दुई सय तीन करदाताको मोवाइलमा एसएमएस पठाइएको प्रमुख सुवेदीले बताए । मूल्य अभिवृद्धि कर ऐनअनुसार विवरण पेस गरी एक लाखभन्दा बढी मूल्य अभिवृद्धि कर बक्यौता रहेका करदातालाई बक्यौता दाखिला गर्न एसएमएस पठाइएको छ ।

यसबाहेक मूल्य अभिवृद्धि करतर्फ नन फायलर रहेका करदातालाई मूल्य अभिवृद्धि कर विवरण पेस गर्न प्रत्येक महिनाको २६ गते फोन तथा पत्र पठाउने गरिएको उनले बताए । यसका साथै ती करदाताको नामावलीसहित आयविवरण बुझाउन र बक्यौता असुलीका लागि पहल गरिदिन मकवानपुरका १० वटै पालिकालाई पत्राचार गरिएको प्रमुख कर अधिकृत सुवेदीले बताए । व्यावसायिक करदाता प्रमाणपत्र लिएकामध्ये कतिपय करदाताको मृत्यु भएको, कतिपय वैदेशिक रोजगारीमा गएको र कतिपयले व्यवसायी बिक्री गरिसकेको कारणले पनि समयमा आय विवरण नबुझाउने करदाताको संख्या बढी देखिएको हुनसक्ने उनको भनाई छ ।

दर्ता भएर पनि लामो समयदेखि कर नबुझाउने करदाताको अभिलेख तयार गरेर बैंक खाता र सम्पत्ति रोक्का गरिने तयारी गरिएको प्रमुख करअधिकृत सुवेदीले बताए । 'पटकपटक कर बुझाउन मौखिक र पत्राचार गरिए पनि कर बुझाउन आलटाल गर्ने करदातामाथि कारबाही अघि बढाउँछौं,' प्रमुख कर अधिकृत सुवेदीले भने, 'फागुनसम्म छुट सुविधा पनि दिइएको छ, त्यो बेलासम्म धेरै कर बुझाउँछ भन्ने हाम्रो विश्वास छ ।' फागुन महिनासम्म पनि बक्यौता नबुझाउने करदाताको बैंक खाता, कारोबार, घरजग्गा र आयात निर्यात रोक्का गरेका छौं ।'

**लक्ष्यको ८१ दशमलव ४४ प्रतिशत राजस्व संकलन**

आन्तरिक राजस्व कार्यालय हेटौंडा मकवानपुरले चालु आव २०८१/८२ को सात महिनाको अवधिमा तीन अर्ब ७० करोड ९१ लाख राजस्व संकलन गरेको छ । यो लक्ष्यको ८१ दशमलव ४४ प्रतिशत संकलन भएको हो । कार्यालयप्रमुख सुवेदीका अनुसार चालु आव २०८१/८२ को सात महिनाको अवधिमा चार अर्ब ५५ करोड ४२ लाख नौ हजार राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा तीन अर्ब ७० करोड ९१ लाख ४२ हजार राजस्व संकलन गर्न सफल भएको छ ।

यही साउनदेखि माघसम्मको अवधिमा अन्त:शुल्कतर्फ दुई अर्ब १२ करोड १६ लाख २९ हजार, आयकरतर्फ ६५ करोड ५८ लाख ८१ हजार, मूल्य अभिवृद्धि करतर्फ ५० करोड ४७ लाख ९३ हजार, स्वास्थ्य जोखिम करतर्फ ३५ करोड ६७ लाख ३१ हजार, ब्याजकरतर्फ पाँच करोड ९१ लाख तीन हजार र बहालकरतर्फ एक करोड १० लाख ६ हजार राजस्व संकलन भएको प्रमुख सुवेदीले बताए ।

प्रमुख सुवेदीका अनुसार चालु आव २०८१/८२ मा आठ अर्ब ४४ करोड राजस्व संकलन गर्ने वार्षिक लक्ष्य छ । कार्यालयमा आयकरतर्फ ३३ हजार पाँच सय ९६, मूल्य अभिवृद्धितर्फ पाँच हजार आठ सय ४९, अन्त:शुल्कतर्फ एक हजार पाँच सय ९८, 'विथहोल्ड'तर्फ सात सय ११ र व्यक्तिगततर्फका ८१ हजार आठ सय १२ करदाता रहेका छन् ।

पछिल्लो समय मुलुकमा आर्थिक कारोबार बढ्नु, बैंक तथा वित्तीय संस्थाबाट ऋणप्रवाहमा सहजता हुनु, कर नीतिमा सुधार हुनु, नियमित बजार अनुगमन, करदाताशिक्षा सञ्चालन तथा बाँकी बक्यौता असुलीमा गरिएको कडाइजस्ता कारणले राजस्व संकलनमा वृद्धि भएको प्रमुख सुवेदीको भनाइ छ ।

# मकवानपुरगढीमा डढेलो नियन्त्रणका लागि सचेतना




साझाकुरा संवाददाता

हेटौंडा, ३ फागुन/ मकवानपुरगढी गाउँपालिका-२ शिखरकटेरीमा वन डढेलो नियन्त्रणका लागि सचेतनामूलक अभियानअन्तर्गत् कार्यक्रम आयोजना भएको छ ।

विश्व सालक दिवसको अवसरमा चुच्चेखोला सामुदायिक वन उपभोक्ता समूह हेटौंडा-६, बाघभैरव सामुदायिक वन समूह मकवानपुर गढी-२ र अशोक सामुदायिक वन उपभोक्ता समूह हेटौंडा-१७ को संयुक्त आयोजनामा सचेतनामूलक अभियान भएको हो । अभियानअन्तर गत शिखरकटेरीदेखि सुरु भएको सचेतनामूलक र्‍याली गैरीभञ्ज्याङ पुन:शिखरकटेरीमा फर्किएर अन्तर क्रिया गरिएको थियो ।

अन्तरक्रियामा मकवानपुर गढी सव डिभिजन फरेष्टर देवेन्द्र सञ्जेल र हर्नामाडी सव डिभिजन सहायक वनअधिकृत मदन घिमिरेले सहजीकरण गरेका थिए । त्यस्तै, वनविज्ञान अध्ययन संस्थान हेटौंडाका विद्यार्थीले सालकबारे जानकारी गराएका थिए । मकवानपुरगढी-२ का वडाअध्यक्ष बखानसिंह पाख्रिनको प्रमुख आतिथ्यता एवम् चुच्चेखोला सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष लक्ष्मण कट्वालको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा मकवानपुर गढी-२ का वडासदस्य रामप्रसाद चौरेल, इप्रका मकवानपुरगढी, प्रहरी निरीक्षक बीरेन्द्र रायमाझी, सामुदायिक वन उपभोक्ता महासंघ हेटौंडा नगर सचिवालय सदस्य दुर्गा महत, पत्रकार रुपेश दुलाल, बाघभैरव सामुदायिक वन समूहका अध्यक्ष गम्भीरराज न्यौपाने, अशोक सामुदायिक वन समूहका अध्यक्ष रमेशकुमार राई, चुच्चेखोला सामुदायिक वन उपभोक्ता सामूहका कार्यालय सचिव केदार गौतम लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ हेटौंडा नगर सचिवालय सदस्य नारायण ढकाल, वनरक्षक किरणकुमार क्षेत्रीलगायतको सहभागिता थियो । सामुदायिक वन समूहका उपभोक्ता, टोल विकास संस्थाका प्रतिनिधि, सुरक्षाकर्मी लगायत उपस्थिति थियो । प्रत्येक वर्षको फेब्रुअरीको तेस्रो शनिबार मनाइने सालक दिवसको यसवर्षको नारा 'सालक संरक्षणको लागि युवा विरासत' रहेको छ ।

# हेटौंडा बचतको ऋण लगानी ५५ करोड

साझाकुरा संवाददाता



हेटौंडा, ३ फागुन/ हेटौंडा उपमहानगरपालिका-७ नागस्वतीमा मुख्य कार्यालय रहेको हेटौडा बचत तथा ऋण सहकारी संस्थाको कुल बचत ५७ करोड रुपैयाँ रहेको छ ।

संस्थाका व्यवस्थापक रामशरण गौतमले अर्धवार्षिक समिक्षा गोष्ठीमा आर्थिक वर्ष २०८१/८२ को साउनदेखि पुस मसान्तसम्म वित्तीय विवरणसहित संस्थाको कार्ययोजना तथा प्रगति अवस्थाको बारेमा जानकारी गराएका छन् । गौतमका अनुसार पुससम्म संस्थाको संस्थाको कुल बचत ५७ करोड ३ लाख ८२ हजार, ऋण लगानी ५५ करोड १२ लाख ७ हजार छ । कुल शेयर पूँजी ४ करोड ८४ लाख ९६ हजार रहेको गौतमले जानकारी दिए ।

६ महिनाको अवधिमा संस्थाले कुल बजेटको २९ दशमलव ६५ प्रतिशत उपलब्धी हासिल गरेको उनले बताए । चालू आर्थिक वर्षका लागि संस्थाको कुल बजेट १ अर्ब ९१ करोड २४ लाख छ । १३ जना सदस्य तथा सदस्यको परिवारलाई ४५ हजार ७ सय दुर्घटना खर्च वितरण गरेको बताइएको छ । यस अवधिमा १ जना सदस्य तथा सदस्यको परिवारलाई १० हजार घातकरोग उपचारखर्च प्रदान गर्नुका साथै ३५ जना सुत्केरीलाई ७० हजार पोषणखर्च प्रदान लगायत कार्यक्रम गरिएको संस्थाको प्रगति विवरणमा जनाइएको छ ।

कार्यक्रममा सहभागीले स्वीकृत कार्यक्रम समयमै सम्पन्न गर्न, नियमित बचत तथा कर्जा असुलि गर्न, वार्षिक लक्ष्यअनुसारको रणनीति बनाएर कार्य गर्न सुझाएका थिए । सहकारीका अध्यक्ष ईन्द्रबहादुर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष विजयबहादुर बस्नेत, विभिन्न समिति तथा उपसमितिका संयोजक, सदस्य र कर्मचारीको उपस्थिति रहेको थियो । संस्थामा ७ हजार १ सय ८० जना सदस्य छन् ।

# भूमिबाहेकका अध्यादेश निर्णयार्थ पेश गर्ने सरकारको तयारी



काठमाडौं, ३ माघ/ सरकारले जारी गरेका ६ मध्ये पाँचवटा अध्यादेश मात्रै स्वीकृतिका लागि प्रक्रिया अगाडि बढ्ने भएको छ । सत्ता गठबन्धनका दलहरूबीच शनिबार बिहान भएको बैठक भूमिसम्बन्धी अध्यादेशमा बहुमत जुटाउन असमर्थ रहेको निष्कर्षसहित बाँकी पाँच वटा अध्यादेश अघि बढाउने निष्कर्षमा पुगेको हो ।

भूमिसम्बन्धी अध्यादेशमा सहमतिको बिन्दु पहिल्याउन कार्यदल गठन गर्ने बैठकले निर्णय गरेको बैठकमा सहभागी जसपा महासचिव मोहम्मद इस्तियाक राईले जानकारी दिए । बैठक चलिरहेका बेला प्रधानमन्त्री केपी शर्मा ओलीले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई टेलिफोन गरी अध्यादेशमा सघाउन आग्रह गरेका थिए ।

'प्रधानमन्त्रीले उपेन्द्रजीलाई फोनमार्फत सहमतिमा ल्याउन खोज्नु भएको थियो । तर, उहाँले अध्यादेश पुनर्विचार गर्नुपर्ने अडान छाड्नु भएन,' राईले संचारकर्मीसँग भने, 'त्यसैले अब सरकारले जतिसक्दो चाँडो पाँचवटा अध्यादेश अघि बढाउँछ ।' बैठकमा सहभागी जनमत पार्टीका उपाध्यक्ष अब्दुल खानले पनि सत्तागठबन्धनका दलहरूबीच भूमिबाहेकका अध्यादेश अगाडि बढाउने सहमति भएको जानकारी दिए । उनले पाँचवटा अध्यादेश ६ फागुनमा बस्ने संसद् बैठकमा निर्णयार्थ प्रस्तुत गर्ने गरी सरकारले तयारी गर्ने बताए ।

सरकारले अब आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, निजीकरण ऐन २०५० लाई संशोधन गर्न बनेको अध्यादेश, आर्थिक कार्यविधी तथा वित्तीय उत्तर दायित्व ऐन २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश, सुशासन प्रबर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश र सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश निर्णार्थ प्रस्तुत गर्नेछ ।

यसबीच नै भूमिसम्बन्धी अध्यादेशमा सहमतिको प्रयास गर्न कार्यदलले काम गर्नेछ । यसक्रममा जसपा नेपालसँग पनि छलफल अगाडि बढाइने जसपा महासचिव राईले जानकारी दिए ।

(स्रोत: अनलाइनखबर)

# चेपाङ प्राविका विद्यार्थीलाई सिम्रिक परिबारको सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/ काठमाडौंको ठमेलमा रहेको सिम्रिक युवा परिवारले मनहरी-४ स्थित चेपाङ प्राविका ६५ जना बालबालिकालाई शैक्षिक सामग्री बितरण गरेको छ ।

परिबारका अध्यक्ष अनुपकृष्ण मानन्धर, मनहरी-४ का वडाअध्यक्ष प्रकाश थापा, पशुपतिनाथ मावि ब्यवस्थापन समिति अध्यक्ष माधब गौतमले शनिबार बिहान चेपाङ प्राविका ६५ बालबालिकालाई शैक्षिक सामग्री हस्तान्तरण गरेका हुन् । बिगत केही वर्षदेखि मकवानपुरको मनहरी-४ र ३ का विद्यार्थीलाई स्कुल ब्याग सहित स्टेशनरी सहयोग गर्दै आएको सिम्रिक युवा परिबारले यो वर्ष चेपाङ प्राविका विद्यार्थीलाई सहयोग गरेको परिबारका अध्यक्ष मानन्धरले बताए ।

विद्यालय ब्यवस्थापन समितिका पदाधिकारीहरु, अभिभावकको सहभागिता रहेको थियो । चेपाङ प्राविका प्रधानाध्यापक गोकर्णबहादुर तितुङ, शिक्षक जुना वाइबाले विद्यालयका बालबालिकाको अभिभावकका आर्थिक अवस्था कमजोर रहेका कारण यसप्रकारको सहयोगप्रति आभार ब्यक्त गर्दै सहयोगलाई निरन्तरता दिन सिम्रिक युवा परिबारलाई आग्रह गरेका थिए ।

**प्रजातन्त्रको सम्मान गरौं**

☞ राज्य शक्तिको स्रोत जनता हुन्,
☞ निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो,
☞ आवधिक निर्वाचन प्रजातन्त्रको आधारस्तम्भ हो,
☞ नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्,
☞ प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ,
☞ कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो,
☞ शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं,
☞ सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं,
☞ सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं,

*प्रजातन्त्रको सम्मान गरौं, प्रजातान्त्रिक संस्कृतिको सम्वर्द्धन गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५२१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

*भुटनदेवी एल्मुनाई एशोसिएसनको*

**वार्षिक साधरणसभा सम्बन्धी सूचना**

यस एसोसिएसनको १९ औं वार्षिक साधरण सभा एवम् मित्र मिलन कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा सम्पूर्ण सदस्य मित्रहरुलाई अनिवार्य उपस्थीतिको लागि हार्दिक निमन्त्रण गर्दछौं।

***कार्यक्रम विवरण***

मिति : २०८१ साल फाल्गुण १७ गते शनिबार
समय: विहान ७ बजे एल्मुनाईको सचिवालयबाट प्रस्थान गर्ने ।
स्थान: डे लेकसाइड सिम्लाङ होटल, मार्खु सिम्लाङ
(सम्पर्क नं. ९८५१११४१४९, ९८०४२०२४७७)
सहभागिता शुल्क : प्रति व्यक्ति रु १५००।- (एक हजार पाँच सय)

***थप जानकारीको लागि***

१. श्री गणेश कुमार श्रेष्ठ ९८५५०६९२२९
२. श्री विजेन्द्र अग्रवाल ९८४१४४५२२६
३. श्री सुरेश कुमार श्रेष्ठ ९८४५०५७२५०
४. श्री प्रेम लाल श्रेष्ठ ९८५५०७१२८०
५. श्री नरेन्द्र श्रेष्ठ ९८४५०२२८९९
६. श्री प्रद्युम्न उपाध्याय ९८५५०७१६९७
७. श्री अनिल खड्गी ९८४९९३७४६१
८. श्री राजेन्द्र पोखेल ९८४५०२५५४०
९. श्री ध्रुवराज शर्मा ९८४५१०६१२३
१०. श्री सुदर्शन ढकाल ९७६७४९३७०८
११. श्री उद्धव भट्टराई ९८५११७०३८३
१२. श्री लभनाथ रिजाल ९८५५०५७४९६
१३. श्री निरा गोर्खाली ९८४५०२७३३१
१४. श्री विष्णु गोपाल महर्जन ९८५५०६७०२९
१५. श्री कृष्ण गोपाल बर्तौला ९८४५२६९५२३

***काठमाडौं सम्पर्क समिति***

१. श्री अरुण खरेल ९८४१८१७६३०
२. श्री उद्धव रावल ९८४१३८४२४९
३. श्री राजेन्द्र पराजुली ९८५१००६३८८

***सहभागीता शुल्क जम्मा गर्नको लागि***

ई सेवा नं. ९८५१०५८३९२
बैंक खाता नं. ०५०८३००४८१६८८०१८
कृषि विकास बैंक लि., कान्तिराजपथ, हेटौंडा
खाताको नाम: भुटनदेवी एल्मुनाई एसोसिएसन

चन्द्र बहादुर थापा (अध्यक्ष)
९८५१०५८३९२

**भुटनदेवी एल्मुनाई एशोसिएसन, परिवार**
**(भुटनदेवी मा.वि.का पूर्व विद्यार्थीहरूको संस्था)**
**हेटौंडा-४ मकवानपुर**
**फोन नं. : ०५७-५९१३९२**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना